राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३१६ | २०८३ साउन १३ गते बुधवार | (Wednesday, 29 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## कालापानी वन काण्ड :

# रातभर बन्धक, वनको गाडीमा आगजनी, अब जन्मकैदको खतरा !






■ राजकरण महतो

*बर्दिवास*

महोत्तरीको कालापानी वन काण्डमा वन कर्मचारीलाई रातभर बन्धक बनाउँदै उनीहरुको गाडीमा आगजनी गरेको घटनाको अनुसन्धान प्रहरीले तीव्र पारेको छ । अपराधिक उपद्रव मुद्दा दर्ता गर्दै प्रहरीले घटनामा संलग्न व्यक्ति र समूहको पहिचान गर्ने तीर अनुसन्धान केन्द्रित बनाएको छ । सरकारी सम्पत्तिमा आगजनी र क्षति पुऱ्याएको पुष्टि भए मुलुकी अपराध संहिता-२०७४ अनुसार दोषीलाई जन्मकैद र विगोबमोजिम जरिबानासम्म हुन सक्ने कानुनी व्यवस्था छ । यद्यपि, घटनापछि प्रशासन र स्थानीयबीच मुद्दा नचलाउने सहमति भएको दाबी गर्दै स्थानीयले धरपकड भए कडा आन्दोलन चर्काउने चेतावनी दिएका छन् ।

समाचार पृष्ठ ३

# नारायणी अस्पताल विवाद चर्किंदै

**कमलेश ठाकुर**

*जनकपुरधाम, साउन १२ गते ।*

गत शनिबार बिहान वीरगन्जको नारायणी अस्पतालमा उपचारको क्रममा वीरगन्ज महानगरपालिका-२५ का ४५ वर्षीय राजकुमार पटेलको मृत्यु भयो । त्यसपछि सुरु भएको विवाद समाधान गर्न भएको छलफलमा सहमति भएन । त्यसैक्रममा मृतक पक्षका व्यक्तिहरूले आकस्मिक कक्षमा खटिएका डा. प्रमोद राममाथि कुटपिट गरेको चिकित्सकहरूको आरोप छ ।

उनीमाथि आक्रमण गर्नेलाई कारबाहीको माग राखेर हालसम्म ७१ जना स्वास्थ्यकर्मीले राजीनामा दिइसकेको नारायणी अस्पतालका निमित्त प्रमुख एवं मेडिकल सुपरिडेन्ट डा. चितरन्जन शाहले जानकारी दिए ।

उनका अनुसार डा. प्रमोद राममाथि संघातिक आक्रमण भएको छ । त्यसमा संलग्नलाई पक्राउ गरी मुद्दा नचलाएसम्म आन्दोलन जारी रहने उनको भनाइ छ । दुई दिनदेखि अस्पतालका चिकित्सकहरू सबै सेवा ठप्प




गरेर आन्दोलनमा छन् । देशभर ओपीडी सेवा बन्द छ । चिकित्सकहरूको प्रमुख माग डाक्टरमाथि आक्रमण गर्नेलाई कारबाही गर्नुपर्ने रहेको उनले बताए । "ड्युटीमा खटिएको डाक्टरमाथि संघातिक आक्रमण भएको छ। यस कारण अरूको जीवन सुरक्षित गर्ने डाक्टरहरू आँफै असुरक्षित महसुस गरिरहेका छन्," उनले भने, "त्यसकारण चिकित्सकहरू आन्दोलनमा छन् । र, सोही कारण सामूहिक राजीनामा पनि दिएका छन् ।" चिकित्सकमाथि आक्रमण भएको सबै प्रमाण हुँदा पनि प्रहरीले सहयोग नगरेर घटनालाई बढाएको उनको आरोप छ । त्यसैले अब चिकित्सकहरूले प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरीक्षकको सरुवा पनि हुनुपर्ने माग राखेको उनले बताए ।

राज्य, समाज र न्यायिक निकाय पनि चिकित्सकप्रति जिम्मेवार नभएपछि बारम्बार यस्तो घटना भएको र न्याय नपाएको उनले सुनाए ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले वार्ताबाट समस्या समाधान हुने बताउँदै पटक-पटक वार्ता आह्वान गरे पनि चिकित्सक पक्षले बहिष्कार गरेको बताए । उनीहरूकै कारण हालसम्म विवाद समाधान नभएको उनको दाबी छ । "हामीले त डा. कुटपिट प्रकरणमा तीनजनालाई पक्राउ गरिसक्यौं," उनले भने, "थप अनुसन्धान गर्दै छौं । तर, चिकित्सककै टिम वार्ता गर्न तयार छैन ।"

वार्ता बहिष्कार गरेर चिकित्सकहरू जान थालेपछि एसपी सुदिपराज पाठकले बोलाउन गएको विषयलाई अतिरञ्जित गरेको उनको दाबी छ । "उहाँहरू वार्ताको कुनै नियम पालना नगरी प्रस्तुत हुनुभयो । हामी केही बोलेनौं," उनले भने । सुरक्षा निकायले अहिले पनि वार्ताको लागि सबै पक्षसँग समन्वय गरिरहेको उनले बताए ।

# पूर्ववडाध्यक्षविरुद्ध भ्रष्टाचार मुद्दा

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, साउन १२ गते ।*

धनुषा को विदेह नगरपालिका-५ का पूर्ववडाध्यक्ष विजयकुमार यादवविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको आरोपमा विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरेको छ । भारत सरकारको सहयोगमा प्राप्त एम्बुलेन्स वडा कार्यालयको जिन्सीमा आम्दानी नबाँधी आफ्नै नियन्त्रणमा राखी संचालन गरेको आरोपमा आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको जनाएको छ ।

एम्बुलेन्स सञ्चालनबाट भएको आम्दानी तथा खर्चको अभिलेख नराखिएको र सरकारी कोषमा दाखिला गर्नुपर्ने रकमसमेत दाखिला नगरेको अनुसन्धानबाट खुलेको आयोगले जनाएको छ ।

अनुसन्धानका क्रममा तीन वर्ष पाँच महिनाको अवधिमा एम्बुलेन्स सञ्चालनबाट १५ लाख नौ हजार २५० बराबरको सरकारी सम्पत्तिमा हानिनोक्सानी भएको आयोगको निष्कर्ष छ । सोही रकमलाई बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद, जरिवाना र बिगो असुल उपरको मागदाबी गरिएको आयोगले जनाएको छ । अनुसन्धानका क्रममा आरोपितले तीन लाख ८१ हजार ५९७ दाखिला गरेका छन् । उक्त रकम कटाएर बाँकी ११ लाख २७ हजार ६५३ असुलउपर गर्नसमेत मागदाबी गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

‘होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि’
‘सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि’
– सन्त ‘व्यथित’

## सम्पादकिय............

# बर्दिबास मेडिकल कलेज निर्माणप्रति सरकार दृढ रहोस्

बर्दिवास मेडिकल कलेज निर्माणको विषय लामो समयदेखि घोषणामै सीमित हुँदा यस क्षेत्रका नागरिकमा “अब यो योजना पूरा होला त ?” भन्ने स्वाभाविक चिन्ता बढेको थियो । निर्माण प्रक्रिया रोकिएपछि निराशा झन् गहिरिएको अवस्थामा सोमबार शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल स्वयं निर्माणस्थलको स्थलगत निरीक्षण गरेर बर्दिवास मेडिकल कलेज निर्माणप्रति सरकार दृढ रहेको स्पष्ट सन्देश दिएका छन् । मन्त्री पोखरेलले स्थानीयको आशंकालाई सम्बोधन गर्दै सरकारले यो परियोजना पूरा गर्ने विश्वास दिलाएका छन् । यो प्रतिबद्धताले जनअपेक्षालाई पुनः जागृत गरेको छ ।

बर्दिवासमा मेडिकल कलेज स्थापना हुनु एउटा भवन निर्माणको विषय मात्र होइन, यसले समग्र मधेशकै शैक्षिक, स्वास्थ्य र आर्थिक भविष्यसँग जोडिएको महत्व बोकेको छ । यस क्षेत्रका विद्यार्थीले आफ्नै ठाउँमा गुणस्तरीय चिकित्सा शिक्षा अध्ययन गर्ने अवसर पाउनेछन् । आर्थिक तथा भौगोलिक कठिनाइका कारण बाहिर जानुपर्ने बाध्यता घट्नेछ र स्थानीय युवाको चिकित्सक बन्ने सपना सहज हुनेछ ।

यससँगै बर्दिवास क्रमशः मेडिकल हबका रूपमा विकास हुने आधार पनि तयार हुनेछ । शिक्षण अस्पताल, अनुसन्धान, औषधि व्यवसाय, होटल, आवास, यातायात र अन्य सेवा क्षेत्र विस्तार भई रोजगारी र लगानीका नयाँ अवसर सिर्जना हुनेछन् । यसले स्थानीय अर्थतन्त्रलाई समेत नयाँ गति दिनेछ ।

## राशिफल

मेष - आर्थिक पक्षमा सुधार हुने ।
वृष - शुभ समाचार सुन्न पाउने ।
मिथुन - यात्राको योग छ ।
कर्कट - कार्यक्षेत्रमा सम्मान मिल्ने ।
सिंह - रोकिएका कामहरु बन्ने ।
कन्या - आयश्रोत बढेर जानेछ ।
तुला - व्यवसायमा सफलता मिल्न सक्छ ।
वृश्चिक - मिहिनेत अनुसारको फल प्राप्त हुने ।
धनु - दाम्पत्य जीवन सुखद रहने ।
मकर - प्रतिस्पर्धामा सफलता मिल्ने ।
कुम्भ - भाग्यले साथ दिनेछ ।
मिन - मन प्रसन्न हुने ।

# किन दोहरिन्छन् देवानगन्ज घटनाहरू ?

टेकेन्द्र जोशी

*विचार*

भदौ २३-२४ को जेनजी प्रदर्शन, त्यसपछिको चुनावी परिणाम र राजनीतिक बहसले नेपाल र यहाँका नागरिक अब जातीय, क्षेत्रीय र धार्मिक सङ्कुचनबाट माथि उठेर सुशासन, रोजगारी, शिक्षा, स्वास्थ्य र आर्थिक विकासको सामूहिक एजेन्डातर्फ अघि बढी सकेको विश्लेषण चलिरहेको थियो ।

संघीय निर्वाचनको परिणामलाई पनि धेरैले पहिचानको राजनीतिको अन्त्य र नयाँ पुस्ताको प्रविधिमुखी राजनीतिको सुरुवातका रूपमा व्याख्या गरेका थिए । तर पछिल्ला घटनाक्रमहरूले फरक तस्बिर प्रस्तुत गरिरहेका छन् । देशका विभिन्न भागमा जातीय, धार्मिक र साम्प्रदायिक तनाव बढ्दै गएको छ ।

सामाजिक सञ्जालमार्फत घृणा फैलाउने अभियान पनि तीव्र बनेका छन् र सामान्य विवादसमेत समुदायबिच हिंसा र अविश्वासको कारण बन्न थालेका छन् । यी घटनाले नेपालमा जातीय र धार्मिक द्वन्द्व किन बढिरहेको छ भन्ने गम्भीर प्रश्न खडा गरेको छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक हो । यही विविधता नेपाली समाजको शक्ति पनि हो । तर यही विविधतालाई राजनीतिक स्वार्थ, कमजोर राज्य संयन्त्र, आर्थिक असमानता र सामाजिक सञ्जालमार्फत फैलाइने घृणाले देशलाई कमजोर बनाइरहेका छन् ।

अहिले देशभर देखिएको तनाव कुनै एक दिनमा जन्मिएको समस्या होइन, लामो समयदेखि राज्यको संरचना, सामाजिक विभाजन र राजनीतिक संस्कृतिमा देखिएको गम्भीर गडबडीको परिणाम हो । सुनसरीको देवानगञ्जमा भएको हिंसात्मक झडप त्यसैको एउटा उदाहरण हो । साउने सोमबारको धार्मिक कार्यक्रमका क्रममा सुरु भएको सामान्य विवाद केही समयमै दुई समुदायबिचको हिंसात्मक झडपमा परिणत भयो । घटनामा एक जनाको मृत्यु भयो, सुरक्षाकर्मीसहित दुई दर्जनभन्दा बढी व्यक्ति घाइते भए र प्रशासनले अहिले कर्फ्यु जारी गरेको छ । प्रारम्भिक विवरणअनुसार डिजेमा धार्मिक गीत बजाउने विषय र पुरानै तनावले विवादलाई चर्काएको देखिन्छ । तर पनि घटनाको विस्तृत अनुसन्धान अझै जारी छ । त्यसैले दोषी निर्धारण अदालत र अनुसन्धानबाट नै हुनुपर्छ । तर एउटा सामान्य विवादले यति ठुलो हिंसाको रूप लिनु भनेको आफैँमा राज्य र समाजका लागि दुःखद विषय हो । यस्ता घटना सुनसरीमा मात्र सीमित छैनन् । पछिल्ला वर्षहरूमा धनुषा, सर्लाही, रौतहट, कपिलवस्तु, नेपालगन्ज, वीरगन्ज लगायतका स्थानमा पनि धार्मिक जुलुस, जातीय पहिचान, सामाजिक सञ्जालमा फैलाइएका अफवाह वा सांस्कृतिक कार्यक्रमलाई लिएर पटक-पटक तनाव सिर्जना भएका छन् ।

धेरैजसो घटनामा सुरुवात सामान्य हुन्छ । तर केही घण्टामै दुई समुदायबिचको द्वन्द्वमा परिणत हुन्छ । यसको पहिलो कारण राजनीतिक ध्रुवीकरण नै हो । आर्थिक विकास, रोजगारी र सुशासनमा अपेक्षित उपलब्धि दिन नसकेपछि केही राजनीतिक शक्ति पहिचानका मुद्दालाई उचालेर समर्थन जुटाउने प्रयासमा देखिन्छन् । हिन्दु राष्ट्र, धर्मनिरपेक्षता, सङ्घीयता, जातीय अधिकार वा क्षेत्रीय पहिचानजस्ता विषयहरूलाई भावनात्मक रूपमा प्रस्तुत गरिन्छ । जब राजनीति समाधानभन्दा भावनामा केन्द्रित हुन्छ, समाज विभाजित हुन थाल्छ ।

दोस्रो कारण सामाजिक सञ्जालको अनियन्त्रित प्रयोग हो । फेसबुक, टिकटक, युट्युब र अन्य प्लेटफर्ममा अपुष्ट सूचना, पुराना भिडियो, भ्रामक तस्बिर र उत्तेजक भाषणहरू केही मिनेटमै हजारौँ मानिससम्म पुग्छन् । कुनै घटना हुनासाथ सत्यभन्दा पहिले अफवाह फैलिन्छ । त्यसले आक्रोश बढाउँछ, भीडलाई उक्साउँछ र हिंसाको वातावरण सिर्जना गर्छ । डिजिटल माध्यमले घृणा भाषणलाई पहिलेभन्दा धेरै प्रभावकारी बनाएको छ । तेस्रो कारण राज्यको कमजोर उपस्थिति पनि हो । धेरै घटनामा प्रारम्भिक विवादमै प्रशासनले प्रभावकारी हस्तक्षेप गर्न सकेको देखिँदैन । गरे पनि हिंसामा परिणत हुन्छ ।

स्थानीय तह, प्रहरी प्रशासन, समुदायका अगुवा र राजनीतिक नेतृत्वले समयमै संवाद गराउन सके सामान्य विवाद ठुलो हिंसामा परिणत हुँदैन । तर कतिपय अवस्थामा प्रशासन ढिलो सक्रिय हुन्छ, जसले अविश्वास बढाउँछ । देवानगञ्ज घटनापछि पनि सुरक्षाको व्यवस्थापन र प्रारम्भिक समन्वयबारे विभिन्न प्रश्न उठेका छन्, जसको निष्पक्ष समीक्षा आवश्यक छ ।

चौथो कारण आर्थिक संकट र बेरोजगारी पनि हो । जब युवामा रोजगारीको अभाव हुन्छ, भविष्यप्रति निराशा बढ्छ र राज्यप्रति विश्वास घट्छ । यस्तो अवस्थामा धार्मिक वा जातीय पहिचानमा आधारित सङ्गठनहरूले युवालाई सजिलै परिचालन गर्न सक्छन् । आर्थिक रूपमा असन्तुष्ट समाजमा भावनात्मक मुद्दाले छिटो प्रभाव पार्छ । धार्मिक क्षेत्रमा पनि नयाँ ध्रुवीकरण देखिएको छ । नेपाल धर्मनिरपेक्ष राष्ट्र बनेपछि धर्म स्वतन्त्रताको अधिकार विस्तार भएको छ । तर यही विषयलाई लिएर हिन्दु राष्ट्रको बहस, धर्म परिवर्तनको आरोप, धार्मिक जुलुसका विवाद र सामाजिक सञ्जालमा फैलाइने उत्तेजक सामग्रीले समुदायबिच अविश्वास बढाइरहेको छ । अधिकांश नेपाली शान्तिपूर्ण सहअस्तित्वमा विश्वास गर्छन्, तर केही उग्र समूहले त्यसलाई चुनौती दिने प्रयास गरिरहेका छन् । बाह्य प्रभावलाई पनि पूर्ण रूपमा अस्वीकार गर्न सकिँदैन । दक्षिण एसियामा धार्मिक राष्ट्रवाद, पहिचानको राजनीति र अन्तर्राष्ट्रिय वैचारिक प्रभावले नेपाललाई पनि असर गरिरहेको छ ।

छिमेकी मुलुकहरूमा हुने धार्मिक ध्रुवीकरणको प्रभाव नेपाली समाजमा सामाजिक सञ्जालमार्फत सहजै प्रवेश गरिरहेको छ । शिक्षाको कमजोर अवस्था पनि एउटा कारण हो । विद्यालय र विश्वविद्यालयमा संविधान, नागरिकता, सहिष्णुता, बहुसांस्कृतिक समाज र लोकतान्त्रिक मूल्यबारे पर्याप्त नागरिक शिक्षा छैन । परिणामतः युवाहरू तथ्यभन्दा अफवाहमा विश्वास गर्न थालेका छन् ।

समाधानका लागि पहिलो, सरकारले कुनै पनि जातीय वा धार्मिक हिंसाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनअनुसार कारबाही गर्नुपर्छ । कुनै समुदायलाई दोषी वा पीडित भनेर पूर्वाग्रह राख्नु हुँदैन । न्याय निष्पक्ष भए मात्र राज्यप्रति विश्वास बढ्छ ।

दोस्रो, स्थानीय तहमा अन्तरधार्मिक तथा अन्तरजातीय संवादलाई संस्थागत बनाउनुपर्छ । समुदायका अगुवा, धार्मिक नेता, शिक्षक र नागरिक समाजबिच नियमित संवाद भयो भने साना विवादले ठुलो रूप लिने सम्भावना घट्छ ।

तेस्रो, सामाजिक सञ्जालमा घृणा भाषण, अफवाह र हिंसा भड्काउने सामग्रीविरुद्ध कानुनी र प्राविधिक दुवै उपाय अपनाउनुपर्छ । अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्दै हिंसा उक्साउने गतिविधिलाई नियन्त्रण गर्नु लोकतान्त्रिक राज्यको दायित्व हो ।

चौथो, युवालाई रोजगारी, उद्यमशीलता र उत्पादनसँग जोड्ने नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ । बेरोजगार र निराश युवाभन्दा सिर्जनशील र उत्पादनशील युवा सामाजिक सद्भावका बलिया आधार हुन् ।

नेपालको इतिहासले देखाएको छ कि यो देश विविधताको कारण कमजोर होइन, बरु त्यही विविधताले बलियो बनेको हो । मधेसदेखि हिमालसम्म, हिन्दु, मुस्लिम, बौद्ध, किराँत, इसाई, दलित, जनजाति, मधेसी, पहाडी सबैले मिलेर यो राष्ट्र निर्माण गरेका छन् । यदि अहिले जातीय र धार्मिक ध्रुवीकरणलाई समयमै नियन्त्रण गर्न सकिएन भने त्यसको असर केवल एउटा समुदायमा सीमित रहने छैन, यसले लोकतन्त्र, सङ्घीयता, अर्थतन्त्र र राष्ट्रिय एकतामाथि दीर्घकालीन असर पार्नेछ ।

त्यसैले कुनै धर्म वा जातिको विजय होइन, संविधानको शासन, कानुनको निष्पक्ष कार्यान्वयन, सामाजिक न्याय, आर्थिक अवसर र आपसी विश्वासको पुनर्निर्माण हो ।

# चारै सुरक्षा निकाय परिचालन...

सकेको छैन । सुनसरी घटनापछि सोमबार साँझ गृह मन्त्रालयमा केन्द्रीय सुरक्षा समितिको बैठक बसेको थियो । उक्त बैठकले संयुक्त रुपमा सुरक्षाकर्मी परिचालन गरेर घटनालाई जतिसक्दो चाँडो नियन्त्रणमा लिएर स्थिति सामान्य बनाउने निर्णय भएको थियो ।

गहमन्त्रालयकी सहप्रवक्ता रमा आचार्यका अनुसार थप मद्दतका लागि सुरक्षाकर्मीको परिचालनको व्यवस्था समेत मिलाइएको थियो । सोमबार साँझबाटै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागसमेत टोली संयुक्त रुपमा परिचालन भए पनि स्थिति भने नियन्त्रणमा आउन सकेको छैन । कोशी प्रदेशका नयाँ डीआईजीको रुपमा खटिएका शेखर खनालदेखि सीडीओ, एसपीसम्मले जिम्मेवारी सम्हालेर काम थालेका छन् । तर अझै पनि स्थिति भने साम्य हुन सकेको छैन । त्यसो त मंगलबार सर्वदलीय बैठक समेत बस्न सकेन । सीडीओ अर्यालले सर्वदलीय बैठकका लागि दलका प्रतिनिधि तथा जनप्रतिनिधिहरूलाई बोलाएका थिए । तर बैठक बस्नै सकेन । अहिले नेपाली सेनाले सुरक्षाको कमाण्ड गर्दै गस्ती गरिरहेको छ । सुरक्षाकर्मीको उपस्थिति भएको ठाउँमा बाहेक अन्यत्र तोडफोड, आगजनीका घटना भएका छन् । स्थिति सामान्य पार्ने प्रयास भइरहेको डीआईजी खनालको भनाइ छ । सुनसरी घटनाको विषयलाई लिएर गृहमन्त्रालयमा मंगलबार पनि छलफल भएको छ । छलफलमा गृहमन्त्री सुधन गुरुङ, गृहसचिव राजकुमार श्रेष्ठ, गर्न नेपाल प्रहरीका आईजीपी दानबहादुर कार्की, सशस्त्र प्रहरीका आईजीपी नारायणदत्त पौडेललगायतको उपस्थिति थियो । प्रहरीका अनुसार साउने सोमबारको बोलबम यात्राका लागि भन्दै राति एउटा समूह डीजे बजाउँदै सप्तकोशी नदीतर्फ जाने तयारीमा थियो । सोही क्रममा अर्को समूहले रातिको समयमा होहल्ला भएको भन्दै विरोध गरेपछि विवाद सुरु भएको हो ।

## भूमि प्रशासन कार्यालय बर्दिवासको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला महोत्तरी हाल वर्दिवास नगरपालिका वडा नं. ९ मा बस्ने बनारसी यादवको छोरा/बुहारी राम कुमार यादव, श्याम कुमार यादव र कुन्ती देवी यादव (कृष्ण कुमार यादवको पत्नी) ले हाम्रा बाबु तथा ससुरा बनारसी यादव तथा आमा/सासू कल्याणी देवी समेतको मृत्यु भएको हुँदा बनारसी यादवको नाममा दर्ता कायम रहेको भंगाहा गा.वि.स. वडानं. ३क कि.नं. १६ क्षे.फ. ०-१७-१० जग्गा हाम्रो संयुक्त नाममा नामसारी गरि पाउँ भनी द.न. ५७८० मिति २०८३ ।३।१० मा निवेदन माग गरेकोमा उक्त जग्गाको श्रेस्ता जिर्ण भई गएकोले बनारसी यादवको नाममा मोठ श्रेस्ता फेला नपरेको मोठ/रोका फाँटबाट लेखि आएकोले सो जग्गा श्रेस्ता कायम भई नामसारी गर्नुपर्ने अवस्था देखिएकोले उक्त जग्गाको श्रेस्ता कायम भई निवेदकहरुको नाममा संयुक्त नामसारी गरि दिन नमिल्ने भए या श्रेष्ता कायम गरि नामसारी गर्नु नपर्ने भएमा वा कोही कसैको दावि विरोध भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ दिन भित्र आफ्ना सबुद प्रमाण सहित लिखित दावी उजुरी गर्न आउनु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा जानकारी गराइन्छ ।

## कालापानी वन काण्ड :

# आगोले जलायो वनको गाडी, कानुनले तौलिँदैछ सजायको भारी



### मुलुकी अपराध संहिता, २०७४

२८५. आपराधिक उपद्रव गर्न नहुने: (१) कसैले आपराधिक उपद्रव गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले देहायको कुनै काम गरेमा निजले आपराधिक उपद्रव गरेको मानिनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण रहेको सङ्गठित संस्था, सर्वसाधारण वा कुनै व्यक्तिलाई कुनै हानि, नोक्सानी वा क्षति पुर्‍याउने नियतले वा त्यस्तो क्षति पुग्न सक्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने मनासिब कारण भई वा लापरबाही वा हेलचेक्र्याइँ गरी कुनै सरकारी, सार्वजनिक वा निजी सम्पत्ति नाश गरेमा वा त्यसको मूल्य, महत्त्व वा उपयोगिता घट्ने कुनै काम गरेमा,

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) नेपाल सरकारले संरक्षण गरेको वा कानून बमोजिम संरक्षित कुनै वन्यजन्तु वा वनस्पतिको प्रजातिको अस्तित्व नै विनाश गर्ने उद्देश्यले राष्ट्रिय निकुञ्ज वा आरक्ष वा संरक्षित क्षेत्र, विश्व सम्पदा सूचीमा समावेश भएका ऐतिहासिक वा पुरातात्त्विक स्मारक वा स्तम्भ, ऐतिहासिक वा पुरातात्त्विकमहत्त्वका वस्तु सङ्कलन गरी राखिएको स्थान वा सङ्ग्रहालय, ऐतिहासिक लिखतहरु राखिएको अभिलेखालय, जङ्गी वा प्रहरीको हातहतियार तथा खरखजाना राखिएको सैनिक वा अर्धसैनिक घर वा ठाउँ, सुरक्षण छापाखाना, सिक्का टकमारी गर्ने टक्सार, कारखाना, बैङ्क नोट छाप्ने वा थुपार्ने नेपाल राष्ट्र बैङ्कको गोदाममा आगो लगाएमा वा विष्फोटक पदार्थ प्रयोग गरेमा जन्मकैदको सजाय र बिगो बमोजिम जरिबाना,

**राजकरण महतो । *बर्दिबास***

कालापानी वन प्रकरणमा प्रहरीले छानविन समिति गठन गरेर गहिरो अनुसन्धान केन्द्रीत गरेको छ । अपराधिक उपद्रव शीर्षकमा मुद्दा दर्ता गरेर अनुसन्धान सुरु गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक श्यामकुमार सारु मगरले जानकारी दिए । उनका अनुसार घटना छानविनका लागि प्रहरी निरीक्षकको नेतृत्वमा समिति गठन गरिएको थियो । समितिले दिएको प्रतिवेदनका आधारमा थप अनुसन्धान भइरहेको छ। जेठ ११ गते साँझ कालापानीस्थित वन क्षेत्रमा रहेको बस्ती खाली गराउन साँझ सूचना जारी गर्न वन कर्मचारीहरू आएको भन्दै स्थानीयहरूले राति १२ बजेसम्म उनीहरूलाई नियन्त्रणमा राखेका थिए । महोत्तरीको बर्दिबास नगरपालिका -३ कालापानीमा डिभिजन वन कार्यालयको बा.२ झ २७४९ नम्बरको सरकारी गाडी जलाइएको थियो । बस्ती खाली गर्न सूचना दिएर फर्किदैं गरेका सब डिभिजन वन कार्यालय गढन्ताका वन अधिकृत स्वेता झाको नेतृत्वमा गएको सात जनाको बन्दुकधारी वनको टोलीलाई आक्रोशित स्थानीयहरुले सडक जाम गर्दै घेराबन्दीमा पारेका थिए । असार १९ गते डिभिजन वन कार्यालयको पीडित कर्मचारीहरुले दिएको प्रतिवेदनका आधारमा प्रहरीले मुद्दा दर्ता गरेको थियो ।

### कसरी अनुसन्धान हुँदैछ ?

इलाका प्रहरी कार्यालय बर्दिबासले घटनामा डिभिजन वन कार्यालय महोत्तरीका पीडित कर्मचारीहरुसँग बयान लिनका लागि पत्राचार गरेको छ । घटना गराउनका लागि वातावरण सृजना गर्ने र घटना गराउने व्यक्ति र समूहबारे अनुसन्धान कार्य प्रहरीले अगाडी बढाएको छ । प्रहरीले वन कार्यालयसँग घटनासँग सम्बन्धित क्षतिको एकिन विवरण पनि माग गरेको छ ।

### कसरी भयो कालपानी वन घटना ?

देशमा प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकार आएपछि सार्वजनिक, ऐलानी, पर्ती, वनको अतिक्रमित जग्गा खाली गराउने गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयहरुलाई पत्रचार गरेको थियो । त्यसपछि डिभिजन वन कार्यालयले वन अतिक्रम क्षेत्र खाली गराउन कारवाही थालेको थियो ।

कालापानीबासी लगायत बस्तीका गाउँलेहरुले पुस्तौदेखि बसोबास गरेको जग्गाको लालपूर्जा गर्दै आएका छन् । तर, देशमा नयाँ सरकार गठन भएपनि लालपूर्जा दिनुको साटो सरकारले बस्ती खाली सूचना गर्न निर्देशन दिएर आतंक मच्चाएको भन्दै कालापानीबासीले वनका कर्मचारीहरुले बाटो अबरुद्ध गरेर नियन्त्रणमा लिएका थिए । जेठ राती ११ गते बाटो खुलाउन प्रहरीले लाठीचार्ज गरेका थिए । आक्रोसित भीडले वनको गाडीमा आगो फुकेका थिए । राजाबास, कालापनी, वरडाँडासहित महोत्तरीमा १ हजार १ सय हेक्टर वनको जग्गा अतिक्रमण गरि घर, टहरा र खेतीपाती गरिएको वन क्षेत्र खाली गराउने भन्दै अप्रेसन थालेको थियो । कालापानी घटनामा वन कार्यालयले माफी माग्दै कारवाहीबाट पछि हटेको थियो ।

### हुन सक्छ दोषीलाई जन्मकैदको सजाय

मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २६ को दफा २८५ को ((क) अनुसार मुद्दामा प्रहरीले कारबाही प्रक्रिया अगाडी बढाएको छ । कानुन अनुसार दोषी देखिएका समूहलाई जन्मकैदको सजाय र विगो बमोजिम जरिबाना हुने स्पष्ट व्यवस्था छ ।

उक्त दफाको उपदफा (क) मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह लगायतको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण रहेको सम्पतिमा क्षति पुर्याएमा कडा कारबाही हुने व्यवस्था गरेको छ । यसै दफाको उपदफा ३ को (१) बमोजिम त्यस्तो कार्य गर्ने व्यक्ति वा समूहलाई जन्मकैदको सजाय र विगो बमोजिम जरिबाना हुने स्पष्ट व्यवस्था छ ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, डिभिजन वन कार्यालय महोत्तरीका प्रमुख अजय कुमार मिश्र, श्रम तथा यातायात मन्त्री (हाल) शारदा देवी थापा, बर्दिबास नगरपालिकाका मेयर प्रह्लादकुमार क्षेत्री, पूर्वमेयर विदुरकुमार कार्की, बर्दिबास नगरपालिका वडा नं ३ का वडाध्यक्ष विराट विष्ट, एमाले नेता शंकर महतो, नेकपा नेता तुलसी ढुंगानालगायत स्थानीयवासीबीच भएको छलफलमा डिभिजनल वन अधिकृत मिश्रले माफी मागेपछि अवस्था साम्य भएको थियो । आन्दोलनका नेतृत्व गरेका स्थानीय गणेश बस्नेतका अनुसार घटनाको सम्पूर्ण जिम्मेवारी सरकारले लिने, घटनामा घाइते भएकाहरुको उपचार राज्यले गर्ने र घटनामा कोहीमाथि मुद्दा चलाएर धरपकड नगर्ने सिडिओसँग सहमति भएको थियो । यदी त्यो सहमति लत्याएर धरपकड गर्ने कार्य भए कडा आन्दोलन चर्काउने चेतावनी दिएका छन् ।



घटना छानविनका लागि प्रहरी निरीक्षकको नेतृत्वमा समिति गठन गरिएको थियो । प्रतिवेदनका आधारमा अपराधिक उपद्रव शीर्षकमा मुद्दा दर्ता गरेर थप अनुसन्धान भइरहेको छ ।

– **श्यामकुमार सारु मगर**, *एसपी*
*जिल्ला प्रहरी कार्यालय, महोत्तरी*

***



घटनाको सम्पूर्ण जिम्मेवारी सरकारले लिने र कोहीमाथि मुद्दा नचलाउने सहमति भएको थियो । यदी सहमतिलाई लत्याएर कसैलाई धरपकड गर्ने कार्य भए कडा आन्दोलन चर्काउँछौं ।

– **गणेश बस्नेत**
*आन्दोलनका नेतृत्वकर्ता*







जि.प्र.का.महोत्तरी द.नं. ४२-०७०/७१
जि.हु.का.द.नं. २-०८०/८१
द पब्लिक टुडे


# रवि लामिछानेले बोलाए सर्वदलीय बैठक



द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन १२ गते ।*

रास्वपा सभापति रवि लामिछानेले सुनसरी घटनालगायत विषयमा छलफल गर्न सर्वदलीय बैठक बोलाएका छन् । पार्टीका महामन्त्री विपिनकुमार आचार्यका अनुसार सभापति लामिछानेले भोलि बुधबार बिहान ८ बजे सिंहदरबारमा बस्ने गरी सर्वदलीय बैठक आह्वान गरेका हुन् । छलफल बिहान ८ बजे लेखा समितिको बैठक कक्षमा हुनेछ । बैठकमा संसद्मा रहेका सबै दलसहित जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, नेता महन्थ ठाकुर, जनमत पार्टीका अध्यक्ष सीके राउतलाई समेत आमन्त्रण गरिएको छ ।

रास्वपा सभापतिको सचिवालयले भन्यो,' अत्यन्तै संवेदनशील र दुःखद् घटना तथा त्यसले निम्त्याएको असहज अवस्थामा सामाजिक रुपमा फैलन सक्ने द्वेष न्यूनीकरण गरी सद्भाव र शान्ति सुरक्षा कायम गर्न प्रशासनिक प्रयास जारी रहँदा राजनीतिक रुपमा पनि सामुहिक सन्देश र अपीलको आवश्यकताबोध भएकाले छलफल आयोजना गरेका हौं ।'

## सुनसरी गोलीकाण्ड

# चारै सुरक्षा निकाय परिचालन, स्थिति अझै अशान्त



द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन १२ गते ।*

देवानगञ्ज गाउँपालिका-३, कप्तानगन्जमा दुई समूहबीच भएको विवाद नियन्त्रणमा लिने क्रममा एक जनाको ज्यान गएपछि अशान्त बनेको सुनसरी अझै उस्तै छ । आइतबार राति सुरक्षाकर्मीले चलाएको गोली लागेर देवानगञ्ज गाउँपालिका-३, कप्तानगन्जका २४ वर्षीय ओमप्रकाश मेहताको मृत्यु भयो । त्यसपछि उत्पन्न विवाद अझै शान्त बन्न सकेको छैन ।

झण्डा नहटाएको र चर्को आवाजमा डीजे बजाएको विषयमा विवाद हुँदा दुई समूहबीच झडप भएको थियो । त्यसपछि नेपाल प्रहरी र सशस्त्र प्रहरीले स्थिति नियन्त्रणमा लिन अत्यधिक बल प्रयोग गरेको आरोप छ ।

विवादको विषयमा पूर्वजानकारी हुँदा समेत स्थानीय प्रशासन तथा सुरक्षामा कमजोरी देखिएको भन्दै सुनसरीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरे, कोशी प्रदेशका डीआईजी विनोद घिमिरे, सुनसरीका एसपी केशवकुमार थेबे, सशस्त्र प्रहरीका एसपी, डीएसपीलाई समेत जिम्मेवारीबाट हटाइयो ।

नयाँ सीडीओको रुपमा ईश्वरीप्रसाद अर्याललाई पठाइयो । तर गृहले सरुवा गरेका एसपी थेबे र प्रदेश प्रहरी प्रमुख डीआईजी घिमिरे घटना हुँदा बिदामा थिए । यता सशस्त्र प्रहरीका एसपी श्यामकुमार कार्कीलाई त गृहमन्त्री सुधन गुरुङकै निर्देशनमा यसअघि नै हेडक्वाटर तानिएको थियो । उनको ठाउँमा कसैलाई पनि पठाइएको थिएन । सुरक्षा निकाय र नयाँ सीडीओ खटाउँदा पनि त्यहाँको अवस्था भने शान्त बन्न

*- बाँकी पृष्ठ ३ मा*

## जलेश्वरमा हिन्दुवादी प्रदर्शन

महोत्तरी : महोत्तरीको सदरमुकाम जलेश्वरमा विभिन्न हिन्दुवादी संघ-संगठनहरूले मंगलबार टायर बालेर प्रदर्शन गरेका छन् ।

प्रदर्शनकारीहरूले सुनसरीमा भएको घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कडा कारबाही र गृहमन्त्री सुधन गुरुङको तत्काल राजीनामा माग गर्दै प्रदर्शन गरेका हुन् । जलेश्वर बजार क्षेत्रमा भेला भएका प्रदर्शनकारीहरूले टायर बालेर सरकारविरुद्ध नाराबाजी गरेका थिए । "हिन्दुमाथिको दमन बन्द गर", "दोषीलाई कारबाही गर", "गृहमन्त्री राजीनामा देऊ" लगायतका नारा लगाएका थिए । उनीहरूले सरकारले शान्ति-सुरक्षा कायम गर्न नसकेको तथा हिन्दु समुदायमाथि भएका घटनाप्रति गम्भीर नदेखिएको आरोप समेत लगाए । प्रदर्शनकारीहरूले सुनसरीमा भएको गोली प्रहारको घटनाको निष्पक्ष अनुसन्धान गरी वास्तविक दोषीलाई कानुनी दायरामा ल्याउन,पीडितलाई न्याय दिलाउन तथा यस्ता घटना दोहोरिन नदिन प्रभावकारी सुरक्षा व्यवस्था गर्न सरकारसँग माग गरेका छन् ।


## महोत्तरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

महोत्तरी, महोत्तरी

मधेश प्रदेश, नेपाल

### प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

*प्रकाशित मिति : २०८३।०४।१३*

यस कार्यालयद्वारा मिति २०८३/०३/०३ गतेको प्रकाशित ई-बिडिङ सुचना अनुसार पेश भई आएको आर्थिक प्रस्तावहरु अध्ययन गरि हेर्दा तपसिलमा उल्लेखित प्रस्ताव न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतका लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धीत सबैको जानकारीका लागि ७ दिने आशयको सुचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराईन्छ।

**तपशिल :**

| सि.नं. | कामको विवरण | छनौट भएको संस्थाको नाम | कबुल रकम रू. (भ्याट र पि.एस सहित) |
|---|---|---|---|
| १. | MAHOTTARI/GAU/NCB-10/82/83 Krishi Bazar Bybasthapan ward No. 3 Madaira Ward No 5, 6 Gorigamma | Shubham Constrcution, Janakpurdham-16 | 39,70,691.39 |

Email: mahottarimun@gmail.com, Website: mahottarimun.gov.np

*प्रमुख प्रशासकीय अधिकृत*



## गुरुहरुप्रति सम्मान व्यक्त गरौं

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरुको सम्मान गरौं,
- गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु-शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षामाफ्त, समुन्नत समाज निर्माणमा योगदान दिऔं ।

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**



## कार्तिक कुमार सनसाइन इङ्ग्लिस बोर्डिङ स्कुल

बटेश्वर गाउँपालिका-२, धनुषा

### शिक्षक/कर्मचारी आवश्यकता
(Vacancy Announcement)

यस विद्यालयमा निम्न पदहरूका लागि योग्य, मेहनती तथा जिम्मेवार व्यक्तिहरूबाट आवेदन आह्वान गरिएको छ ।

**१. लेडीज डान्स टिचर – १ जना**

योग्यता:
- कम्तीमा +२ (Intermediate) उत्तीर्ण
- नृत्य शिक्षणमा अनुभव भएकालाई प्राथमिकता
- विद्यार्थीमैत्री र अनुशासित

**२. होस्टल वार्डेन/होस्टल टिचर – १ जना**

योग्यता:
- कम्तीमा +२ (Intermediate) उत्तीर्ण
- छात्रावास व्यवस्थापन तथा विद्यार्थीको हेरचाह गर्न सक्ने
- अंग्रेजीमा सामान्य संवाद गर्न सक्ने
- अनुभव भएकालाई प्राथमिकता

**३. लोअर सेकेन्डरी शिक्षक (Health/English/Social) – १ जना**

योग्यता:
- कम्तीमा +२ (Intermediate) उत्तीर्ण
- सम्बन्धित विषय अध्यापन गर्न सक्षम
- अनुभवी उम्मेदवारलाई प्राथमिकता

**सेवा-सुविधाहरू**

तलब: रु. २०,०००+
(अनुभव र योग्यताअनुसार)
- मैत्रीपूर्ण कार्य वातावरण
- दक्षता र कार्यसम्पादनका आधारमा थप सुविधा

आवेदन दिन इच्छुक उम्मेदवारहरूले आफ्नो CV तथा आवश्यक कागजातसहित विद्यालयमा सम्पर्क गर्नुहोस् ।

सम्पर्क:

**कार्तिक कुमार सन्साइन इङ्गलिस बोर्डिङ स्कुल**

बटेश्वर गाउँपालिका-२, धनुषा

☎ ९८४४५९१४९३/९८०४८२५०५८ kkssebs@gmail.com


पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री